# दोर्दी गाउँपालिका
(DORDI RURAL MUNICIPALITY)
## गाउँ कार्यपालिकाको कार्यालय
(Office of the Rural Municipal Executives)
नौथर ,लमजुङ (Nauthar, Lamjung)
गण्डकी प्रदेश ,नेपाल (Gandaki Province, Nepal)
२०७३ (2073)


पत्र संख्या / Ref. No : २०८०/०८१
चलानी नं. /Dispatch No :

## करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशितः २०८०/११/०१)

दोर्दी गाउँपालिकाको लागि देहायको पदमा खुला प्रतिष्पर्धाको माध्यमबाट करारमा पदपूर्ति गर्नुपर्ने भएकोले निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिनु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद/सेवा/समूह | माग संख्या | तह | आवेदन दस्तुरः |
|---|---|---|---|---|---|
| १ | ०७/२०८०/८१ | वैद्य/स्वास्थ्य/आयुर्वेद | १ | चौथो | रु ५०० |

**१. आवश्यक न्यूनतम योग्यताः**

१. मान्यताप्राप्त शिक्षणसंस्थाबाट एस.एल.सी./एस.ई.ई. उत्तीर्ण गरी एक वर्षको सहायक आयुर्वेद कार्यकर्ता कोर्ष उत्तीर्ण वा सो सरह ।

२. सम्बन्धित विषयको परिषदमा दर्ता भएको हुनुपर्ने ।

३. दरखास्त दिने अन्तिम मिति सम्म उमेर महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको र पुरुषको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको।

४. प्रचलित कानुन बमोजिम अयोग्य नभएको ।

**२. दरखास्त दिने स्थानः** दोर्दी गाउँपालिका, गाउँ कार्यापालिकाको कार्यालय, प्रशासन शाखा ।

**३. दरखास्त दिने अन्तिम मितिः** २०८०/११/१५ गते कार्यालय समय भित्र र दोब्बर दस्तुर सहित २०८०/११/२२ गते कार्यालय समय भित्र ।

**४. छनौट किसिमः** प्रारम्भिक योग्यताको सूची प्रकाशन, लिखित र अन्तरवार्ता ।

**५. पाठ्यक्रमः** सम्बन्धित पदको लागि लोकसेवा आयोगद्वारा निर्धारित पाठ्यक्रम ।

**६. कार्यक्षेत्रः** श्रीमज्याङ आयुर्वेद औषधालय, दोर्दी गाउँपालिका ३, लमजुङ ।

**७. दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरुः**

आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमका कागजातको प्रतिलिपिहरुः

- नेपाली नागरिकताको प्रमाणपत्र ।
- न्युनतम शैक्षिक योग्यताको लाब्धाङ्क, चारित्रिक प्रमाणपत्र, न्यूनतम शैक्षिक योग्यता भन्दा माथिको शैक्षिक योग्यता भएमा सोको लब्धाङ्क ।
- कार्य अनुभव भए सोको प्रमाणपत्र ।
- २ प्रति पासपोर्ट साईजको फोटो ।
- शुल्क तिरेको रसिद ।

**८. करार अवधिः** करार सम्झौता बमोजिम ।

**९. सेवा सुविधाः** नेपाल सरकारले तोके बमोजिम ।

**१०. परिक्षा मितिः** प्रारम्भिक योग्यता क्रमको सूची प्रकाशन पश्चात तोकिनेछ ।

**नोटः** परिक्षा दस्तुर बापतको रकम **GLOBAL IME BANK** मा रहेको यस कार्यालयको, बैंक खाता नं **24404010000008 (आन्तरिक राजश्व खाता दोर्दी)** मा जम्मा गर्नुपर्नेछ । गाउँपालिकाको वेवसाइट www.dordimun.gov.np मा यसै सूचनाको साथ दरखास्त फारम उपलब्ध छ ।
महिला, दलित, आदिवासी, मधेशी तथा विपन्न वर्ग र अनुभवीलाई विशेष ग्राहयता दिने छ ।
विस्तृत जानकारीको लागि यस कार्यालयको प्रशासन शाखाको फोन नं ९८५६०७९३१२ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

हेमराज काफ्ले
प्रमुख प्रशासकीय अधिकृत